# अर्थ समितिको मिति २०७७/०४/०१ देखि २०७८/०१/०९ गतेसम्मका (बैठक संङ्ख्या् ९७ देखि १२८) निर्णयहरुः

| बैठक संख्या | मिति | निर्णयहरु |
|---|---|---|
| ९७. | २०७७/०४/०१ | अर्थ समितिको आज मिति २०७७/०४/०१ गते बसेको वैठकमा आ.व. ०७७/७८ को मौद्रिक नीतिका सम्बन्धमा समितिको मिति २०७७/०३/२९ गते नेपाल राष्ट्र बैंकका गभर्नरसँग भएको छलफल र समितिका माननीय सदस्यहरुको सुझाव समेतलाई समावेश गरी नेपाल राष्ट्र बैंकलाई देहायबमोजिमको निर्देशन दिने निर्णय भयो।<br><br>• कोभिड १९ ले अर्थतन्त्रमा पारेका नकारात्मक असरलाई सम्बोधन गर्न आ.व. ०७७/७८ को बजेटले घोषणा गरेका राहात तथा सुविधा राष्ट्र बैंक मार्फत कार्यान्वयन गरिने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,<br>• कोभिड १९ ले अर्थतन्त्रका विभिन्न् क्षेत्रका उद्योग व्यवसायमा पारेको प्रभाव विश्लेषण गरी ति उद्योग व्यवसायमा प्रवाह भएको कर्जाको प्रभावको आधारमा पुनर्संरचना, व्याज पूँजीकरण र पुनरतालिकीकरण गर्ने,<br>• मौद्रिक नीतिले वृहत आर्थिक स्थायित्व कायम गर्ने, अर्थतन्त्रको तिव्र वृद्धि समेत गर्दै दिगो विकासमा जोड दिने, वित्तीय सेवाको पहुँच अभिवृद्धि, वित्तीय क्षेत्रको स्थायित्व, सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास साथै समष्टिगत आर्थिक नीति र वित्त नीतिका लक्ष्य उद्देश्य पूरा गर्ने दिशा तर्फ केन्द्रित प्राथमिकतालाई ध्यान दिने,<br>• घरेलु, साना तथा मझौला उद्यम तथा कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चापलनलगायत कोभिड १९ को कारणले संकटग्रस्त भएका सबै क्षेत्रलाई समेट्ने गरी ५ प्रतिशत व्याजमा कर्जा उपलब्ध गराउन बजेटमा उल्लेख भएको रु ५० अर्वको कोष यथाशीघ्र खडा गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने र उक्त सहुलियतपूर्ण कर्जाको सुविधाबाट रोजगारी खोस्ने व्यवसायीहरुलाई वञ्चिउत गर्ने,<br>• कोरोनाबाट प्रभावित कृषि, घरेलु, साना तथा मझौला उद्योग उत्पादनमूलक उद्योग, होटल, पर्यटन, सार्वजनिक यातायात लगायतका क्षेत्रका उद्योग व्यवसायलाई ५ प्रतिशत सम्मको सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले उपलब्ध गराउने रु १ खर्व सम्मको पुनरकर्जा सुविधा यथाशीघ्र कार्यान्वयनमा ल्याउने,<br>• बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तरगत वाणिज्य बैंकले प्रति शाखा कम्तिमा १० र विकास बैंकले प्रति शाखा कम्तिमा ५ |

| | | |
|---|---|---|
| | | जनाको दरले सहुलियतपूर्ण कर्जा उपलब्ध गराई रोजगारी सिर्जना गर्ने विशिष्ट कार्ययोजना बनाई यथाशीघ्र लागू गर्ने,<br>• विगत देखि नै अनिवार्य रुपमा बैंकहरुले लगानी गर्नुपर्ने भनी छुट्याइएका क्षेत्र र बजेटले गरेका नयाँ व्यवस्था अनूरुपका क्षेत्रमा समेत अनिवार्य रुपमा लगानी हुने व्यवस्था गर्ने,<br>• बैंक तथा वित्तीय संस्थाहरुले निर्धारण गर्ने व्याजदर बैंकहरुको मिलेमतोमा नभई माग र सन्तुलनको आधारमा निर्धारण गर्ने र तरलताको अवस्थामा हुने उतारचढावमा न्यूनीकरण गर्ने नीतिगत व्यवस्था गरी कर्जाको व्याजदर एकल अङ्क (single digit) भित्र हुने वातावरण तयार गर्ने,<br>• धेरै संख्याका साना व्यवसायीहरुले समेत पाउन सक्ने गरी पुनरकर्जा प्रवाह सम्बन्धी कार्यविधि बनाई लागू गर्ने,<br>• वर्तमान परिस्थितिमा अर्थतन्त्रका हरेक क्षेत्रले अनुत्पादनशील क्षेत्रका खर्च कटौती गरी संघ संस्थाहरुलाई मितव्ययी र नतिजामूखी बनाउनुपर्ने आवश्यकता देखिएकोले बैंक तथा वित्तीय संस्थाहरुले समेत अनुचित खर्च कटौती गरी कोषको लागत कम गर्दै सुलभ र सहुलियतपूर्ण कर्जा साथै बैंक तथा वित्तीय संस्थाहरुको प्रतिफलमा सन्तुलन ल्याउने गरी मौद्रिक नीति ल्याउने,<br>• अवैधानिक बाटोबाट आउने विप्रेषणलाई वैधानिक माध्यमबाट भित्र्याउनको लागि विप्रेषण पठाउँदा लाग्ने लागत कम गर्न नेपालीहरु धेरै संख्यामा रहेका मुलुकहरु, जि.टू.जि मोडलबाट वैदेशिक रोजगारीमा कोरिया र जापानमा रहेका नेपाली कामदारहरु तथा अन्य श्रम सम्झौता भएका देशहरुमा रहेका नेपाली कामदारहरुले पठाउने विप्रेषण लागत न्यूनीकरण गर्न प्रवर्द्धनात्मक र नियन्त्रणात्मक उपाय अवलम्बन गर्ने,<br>• विप्रेषणबाट आउने रकमसँग सम्बन्धित कारोबार नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको अनलाइन भुक्तानी प्रणालीको Connect IPS को माध्यमबाट Instant Account Deposit निशुल्क गरी विप्रेषण प्राप्तिPमा नगद रहित कारोबारलाई प्रोत्साहन गर्ने,<br>• सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार नहुंदा ऋणपत्रको दीर्घकालीन प्रतिफल आर्जन रेखा (Long-term yield curve of the bond) तयार हुन नसकेकोले यस्तो रेखा तयार हुने गरी ऋणपत्रको कारोवार गर्न सक्दा संस्थागत क्षेत्रको ऋणपत्रको ब्याजदर निर्धारण गर्न सहज हुने साथै यसले गर्दा धितोपत्रको दोस्रो बजार सकृय भई डेरिभेटिभ्स् उपकरण निष्काशन तथा कारोवारका लागि उपयुक्त वातावरण बनाउने,<br>• खराब सम्पत्तिको उचित रूपमा व्यवस्थापन गर्न अधिकार सम्पन्न सम्पत्ति व्यवस्थापन कम्पनी (Assets Management Company)तत्कालस्थापना गर्ने, |

| | | |
|---|---|---|
| | | • संस्थागत सुशासनलाई सबैभन्दा बढी प्राथमिकता दिदै बैङ्क तथा वित्तीय संस्थालाई दिशाबोध गर्ने सञ्चालक एवं संस्थापकहरूले व्यक्तिगत हित र स्वार्थ भन्दा संस्थाको हितलाई प्राथमिकता दिने,<br>• आधार व्याजदर निर्धारण गर्दा उपयुक्त शिर्षकहरु मात्र समावेश गरी वस्तुनिष्ठ र वैज्ञानिक बनाउने,<br>• लगानीमैत्री वातावरणको लागि आधार व्याजदर र ऋणको व्याजदरमा फरक एउटा वर्गका सवै बैंक तथा वित्तीय संस्थामा एउटै दर हुने व्यवस्था गर्ने,<br>• नेपाल राष्ट्र बैंकले गुनासो व्यवस्थापनका सम्पूर्ण प्रकृयाहरु Online Systemबाट गर्ने व्यवस्था गर्ने,<br>• बैंक तथा वित्तीय संस्थाको सबै सुपरभिजन तथा नियमन गर्न सक्ने गरी कर्मचारीको क्षमता र प्रविधिको विकास गरीRisk based supervision मा व्यापकता ल्याउने। |
| ९८. | २०७७/०४/१३ | अर्थ समितिको आज मिति २०७७ साउन १३ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ९९. | २०७७/०४/१४ | अर्थ समितिको आज मिति २०७७ साउन १४ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव(राजश्व), बीमा समितिका अध्यक्ष र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो। |
| १००. | २०७७/०४/१५ | अर्थ समितिको आज मिति २०७७ साउन १५ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव(राजश्व), बीमा समितिका अध्यक्ष र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो। |
| १०१. | २०७७/०४/१६ | अर्थ समितिको आज मिति २०७७ साउन १६ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव(राजश्व), बीमा समितिका अध्यक्ष र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो। |
| १०२. | २०७७/०६/०६ | अर्थ समितिको आज मिति २०७७ असोज ६ गते बसेको बैठकमा कार्य प्रारम्भ भएको मितिले चार महिना भित्र सम्बन्धित विषयक्षेत्रमा अध्ययन गरी सोको प्रतिवेदन समिति |

समक्ष पेश गर्न देहाय बमोजिमका उपसमिति गठन गर्ने निर्णय भयो।

**१. राजस्व चुहावट,राजस्व बक्यौता र राजस्व प्रशासन अध्ययन उपसमिति**

**उपसमितिको गठनः**

१. मा. पदम गिरी -संयोजक
२. मा. गोकर्ण राज विष्ट -सदस्य
३. मा. जय कुमार राई -सदस्य
४. मा. रामकुमारी झाक्री -सदस्य
५. मा. शशांक कोइराला -सदस्य

**उपसमितिको कार्यक्षेत्रः**

- नेपालको वर्तमान राजस्व (कर र गैर कर) नीतिको अध्ययन गरी आवश्यक नीतिगत सुधारको सुझाव प्रस्तुत गर्ने,
- कर कानूनका छिद्र (loopholes) प्रयोग गरी tax evasion गर्ने क्षेत्रहरूलाई नियन्त्रण गर्न आवश्यक सुझाव सिफारिस गर्ने,
- आर्थिक क्रियाकलापमा भएको परिवर्तन संगै नयाँ कराधारको क्षेत्र अध्ययन गरी सोही अनुरुप आवश्यक सुधारको सुझाव सिफारिस गर्ने,
- राजस्व चुहावटका क्षेत्रहरु पहिचान गरी चुहावट नियन्त्रण गर्न गर्नु पर्ने कदमका सुझाव सिफारिस गर्ने,
- अन्तर्राष्ट्रिय सन्दर्भ सहित राजस्वकादरहरूको अध्ययन गरी नेपालमा लागू गर्नुपर्ने दर र दायरा विस्तार गर्न लागू गर्नुपर्ने नीतिहरु सिफारिस गर्ने,
- तीन तहका सरकारका राजस्व अधिकार, व्यवस्थापन र समस्याको पहिचान गरी व्यवस्थित गर्न अवलम्बन गर्नुपर्ने सुझाव सिफारिस गर्ने,
- राजस्वप्रशासन प्रति राजस्वदाताहरूको बुझाई र धारणा अध्ययन गरी सकारात्मक सोचको विकास गर्न गर्नुपर्ने सुधारका उपाय सिफारिश गर्ने,
- कर परिपालना , राजस्व बक्यौता , मुद्दामामिला र फैसला लगायतका विषय अध्ययन गरी सुधारको लागि सुझाव सिफारिस गर्ने,
- राजस्व प्रशासन , कर अधिकृत, लेखापरीक्षक र व्यवसायीहरूको स्वच्छता , पारदर्शीता र जवाफदेहिता प्रवर्द्धन गर्न अवलम्बन गर्नुपर्ने उपायहरु सिफारिस गर्ने,
- Covid 19 पछिको अवस्थामा राजस्व संरचना र व्यवस्थापनमा आउनसक्ने परिवर्तन र चुनौती सम्बोधन गर्न अन्तर्राष्ट्रिय अभ्यासको समेत समीक्षा गरी नेपालको राजस्व क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायहरु सिफारिस गर्ने,
- अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।

| | | |
|---|---|---|
| | | **२. सार्वजनिक खर्च, खरिद, लगानी र राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमिति**<br>**उपसमितिको गठनः**<br>१. मा. सत्य पहाडी -संयोजक<br>२. मा. चुडामणी खड्का -सदस्य<br>३. मा. निरा देवि जैरु -सदस्य<br>४. मा. डा.बाबुराम भट्टराई -सदस्य<br>५. मा. सरवत आरा खानम हलवाइनी -सदस्य<br>**<u>उपसमितिको कार्यक्षेत्रः</u>**<br>➢ नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी आवश्यक नीतिगत , कानूनी , संरचनात्मक , कार्यविधिगत , व्यवस्थापकीय , कार्यशैलीगत र अन्य आवश्यक सुधारको लागि सुझावहरू सिफारिस गर्ने,<br>➢ सार्वजनिक खर्चको प्राथमिकीकरण लगायत खर्च व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी पुँजीगत खर्च समयबद्ध रुपमा लक्ष्यअनुरुप गर्न र चालु खर्च न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने सुझाव सिफारिस गर्ने,<br>➢ नेपालमा आन्तरिक र बाह्य लगानी भित्राउन हालसम्म भएका प्रयासहरूको विश्लेषणका आधारमा लगानीका समस्याहरुको पहिचान गरी लगानी प्रवर्द्धन गर्न सुधार गर्नुपर्ने नीतिगत , कानूनी , संरचनागत , व्यवस्थापकीय , कार्यशैलीगत र प्रक्रियागत पक्षहरुका सुझाव सिफारिस गर्ने,<br>➢ विश्वव्यापी रुपमा लगानीका क्षेत्र र भूगोल परिवर्तन भएको सन्दर्भमा नेपालमा post covid अवस्थामा लगानीका नयाँ क्षेत्रहरुको पहिचान गरी नयाँ सन्दर्भमा लगानीका क्षेत्रहरुको सिफारिस गर्ने,<br>➢ राष्ट्रिय गौरव र ठूला प्रतिनिधिमूलक आयोजना (कम्तिमा ५) छनौट गरी ती आयोजना छनौट को मापदण्ड, लगानी वा स्रोतको सुनिश्चितता, व्यवस्थापन, पर्यावरणमा पार्ने प्रभाव, आयोजनाको तयारी , ठेक्का प्रक्रिया , लागत अनुमान , सम्झौतित रकम र सम्पन्न हुनुपर्ने समय , थप समय र लागत , विभिन्न कालखण्डका जिम्मेवार पक्षहरु , समयमा सम्पन्न हुन नसक्नुका कारण र जिम्मेवारी बमोजिम कार्य सम्पन्न नगर्ने पक्षलाई गरिएका कारबाही लगायतका विभिन्न पक्षहरूको अध्ययन गरी आयोजना व्यवस्थापनमा गर्नुपर्ने सुधारका लागि सुझाव प्रस्तुत गर्ने,<br>➢ ति आयोजनाहरुलाई Case Study को रुपमा अध्ययन गरी प्राप्त निश्कर्षको आधारमा समग्र आयोजना व्यवस्थापनमा गर्नुपर्ने सुधारका सुझाव प्रस्तुत गर्ने,<br>➢ अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।<br>**३. बैंक तथा वित्तीय संस्था (वाणिज्य बैंक, विकास बैंक , वित्त कम्पनी र लघुवित्त)** |

| | | |
|---|---|---|
| | | **अध्ययन उपसमिति**<br>**उपसमितिको गठनः**<br>१. मा. रामवावु कुमार यादव -संयोजक<br>२. मा. कु. तुल्सि थापा -सदस्य<br>३. मा. प्रमिला राई -सदस्य<br>४. मा. महन्थ ठाकुर -सदस्य<br>५. मा. श्याम कुमार श्रेष्ठ -सदस्य<br>६. मा. हेम कुमार राई -सदस्य<br>**<u>उपसमितिको कार्यक्षेत्र</u>**<br>➢ बैंकको निक्षेप र कर्जा लगानीको अवस्था विश्लेषण गरी बैंक र ग्राहकका समस्या र समाधानका सुझाव सिफारिस गर्ने,<br>➢ विकास बैंक र वित्त कम्पनीका निक्षेप परिचालन , कर्जा लगानीका क्षेत्र, लगानी लगायतको विश्लेषण गरी समस्या पहिचान र समाधानका लागि सिफारिस प्रस्तुत गर्ने,<br>➢ लघुवित्त कम्पनीहरू सँग सम्बन्धित समस्याहरु पहिचान गरी सुधारका लागि सुझाव पेश गर्ने,<br>➢ ४वर्गका बैंक तथा वित्तीय संस्थाहरूको भौगोलिक र विषयगत कार्यक्षेत्रमा दोहोरो नपर्ने गरी गर्नुपर्ने परिवर्तनको सुझाव पेश गर्ने,<br>➢ बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा (प्राथमिकता प्राप्तन क्षेत्रमा प्रवाह भएको कर्जा समेत) र त्यसको उपयोग सम्बन्धमा अध्ययन गरीआवश्यक सुझाव सिफारिस गर्ने,<br>➢ बैंकतथा वित्तीय संस्थाबाट ऋण लिने औद्योगिक वा व्यवसायिक प्रतिष्ठान हरुले लिएको ऋण तोकिएको प्रयोजनमा उपयोग भएनभएको अध्ययन गरि सुधारको लागि सुझाव सिफारिस गर्ने,<br>➢ बैंक तथा वित्तीय संस्थाको संस्थागत सुशासन साथै प्रविधिको विकास र प्रयोग सम्बन्धमा अध्ययन गरीआवश्यक सुझाव सिफारिस गर्ने,<br>➢ अन्तर्राष्ट्रियस्तरका केन्द्रिय बैंकहरुको सन्दर्भ सहित नेपाल राष्ट्र बैंकको नियामकिय भूमिका सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव सिफारिस गर्ने,<br>➢ अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।<br>**४. समष्टिगत आर्थिक नीति अध्ययन उपसमिति**<br>**उपसमिति गठनः**<br>१. मा. मेटमणी चौधरी -संयोजक<br>२. मा. किशोर सिंह राठौर -सदस्य<br>३. मा. सुरेन्द्र प्रसाद पाण्डे -सदस्य |

| | | |
|---|---|---|
| | | ४. मा. हरि राज अधिकारी -सदस्य<br>५. मा. ज्ञानेन्द्र बहादुर कार्की -सदस्य<br>**<u>उपसमितिको कार्यक्षेत्र</u>**<br>➢ समष्टिगत आर्थिक नीति, वैदेशिक सहायता नीति, अर्थतन्त्रमा सरकार/सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिका, आर्थिक कुटनीति लगायतका विषयमा अध्ययन गरी आवश्यक सिफारिस गर्ने।<br>➢ नेपालका विभिन्न क्षेत्रका कम्तीमा ५ वटा सार्वजनिक संस्थानहरु छनोट गरी ति संस्थानमा सरकारको लगानी, विगत ५ वर्षको नाफा/नोक्सान लगायत वित्तीय कार्यसम्पादन, सम्पत्ति र दायित्वको अवस्था, लगानीमा प्रति फल, सम्पत्तिको उपयोग र त्यसबाट प्रतिफल लगायत वित्तीय व्यवस्थापन, मानव श्रोत व्यवस्थापन, भौतिक स्रोत व्यवस्थापन, बजार व्यवस्थापन, बजार प्रतिस्पर्धा, लगायतका विषयमा SWOT Analysis सहित Case Study गरी प्राप्त निश्कर्षको आधारमा समग्र सार्वजनिक संस्थान सञ्चावलन र व्यवस्थापन सम्बन्धी स्पष्ट कार्ययोजना सहितको सुझाव पेश गर्ने,<br>➢ अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु। |
| १०३. | २०७७/०६/२० | अर्थ समितिको आज मिति २०७७ असोज २० गते बसेको बैठकमा राजस्व प्रशासन सम्बन्धी विषयक्षेत्रका विज्ञहरुको उपस्थितिमा नेपालको राजस्व नीति, कर नीति, तीन तहको राजस्व अधिकार र नेपालको राजस्व प्रशासन सम्बन्धी विषयमा छलफल भयो । |
| १०४. | २०७७/०६/२१ | अर्थ समितिको आज मिति २०७७ असोज २१ गते बसेको बैठकमा राजस्व चुहावट र राजस्व वक्यौता सम्बन्धमा विषयक्षेत्रका विज्ञहरुको उपस्थितिमा व्यापारविचलन,आर्थिकअपराध, कर योजना, करछली, साझा सूचीका कर र अन्य एकल अधिकारका करहरुमा गर्नुपर्ने नीतिगत , कानूनी, कार्यविधिगत, व्यवस्थापकीय र कार्यशैलीगत समस्या र सुधारका विषयमा छलफल भयो । |
| १०५. | २०७७/०६/२२ | अर्थ समितिको आज मिति २०७७ असोज २२ गते बसेको बैठकमा सार्वजनिक खर्च तथा सार्वजनिक खरिद सम्बन्धमा विषयक्षेत्रका विज्ञहरुको उपस्थितिमा सार्वजनिक खरिद तथा खर्च व्यवस्थित गर्न गरिएका प्रयासहरु ,सार्वजनिक खर्च प्राथमिकीकरणका आधारहरु, तीन तहको सरकारको खर्च र प्रतिवेदन प्रणाली , खर्च व्यवस्थापनमा प्रविधिको प्रयोग लगायतका विषयमा छलफल भयो । |
| १०६. | २०७७/०६/२३ | अर्थ समितिको आज मिति २०७७ असोज २३ गते बसेको बैठकमा विषय विज्ञको उपस्थितिमा राष्ट्रिय गौरवका आयोजना , छनोटका आधार, हालका राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यसम्पादन मूल्याङ्कन, अपेक्षित उपलब्धि हासिल हुन नसक्नुका कारण, समयमा सम्पन्न गर्न चाल्नुपर्ने कदम लगायतका विषयमा छलफल भयो । |

| | | |
|---|---|---|
| १०७. | २०७७/०६<br>/२४ | अर्थ समितिको आज मिति २०७७ असोज २४ गते बसेको बैठकमा विषय विज्ञको उपस्थितिमा बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय अवस्था (Financial health),लगानी र निक्षेपको प्रवृत्ति र वर्तमान अवस्था , समस्या र सुधारका उपायहरु  लगायतका विषयमा छलफल भयो । |
| १०८. | २०७७/०६<br>/२५ | अर्थ समितिको आज मिति २०७७ असोज २५ गते बसेको बैठकमा विषय विज्ञको उपस्थितिमा चालु आ.व.को  मौद्रिक नीतिको कार्यान्वयन  अवस्था,  बैंक तथा वित्तीय संस्थाहरूको संस्थागत सुशासन , सामाजिक उत्तरदायित्व,  गुनासो व्यवस्थापन,बैंक तथा वित्तीय संस्थाहरुमा विद्यमान समस्या र सुधारका उपायहरु लगायतका विषयमा छलफल भयो । |
| १०९. | २०७७/०६<br>/२६ | अर्थ समितिको आज मिति २०७७ असोज २६ गते बसेको बैठकमा विषय विज्ञको उपस्थितिमा  नेपालको वर्तमान आर्थिक नीति  , विगतका आर्थिक नीति  कार्यान्वयनमा देखिएका समस्या र सुधारका उपाय   साथै  वैदेशिक सहायता र आर्थिक कूटनीतिको वर्तमान अवस्थाको समीक्षा , समस्या र सुधारका उपाय  लगायतका विषयमा छलफल भयो। |
| ११०. | २०७७/०६<br>/२७ | अर्थ समितिको आज मिति २०७७ असोज २७ गते बसेको बैठकमा विषय विज्ञको उपस्थितिमा  सार्वजनिक संस्थान व्यवस्थापन  ,सार्वजनिक संस्थान कोनिजीकरण,  संस्थान व्यवस्थापनका समस्या र सुधारका उपाय साथै कोभिड पछिको विश्व अर्थतन्त्र र नेपालले अवलम्बन गर्नुपर्ने नीति लगायतका विषयमा छलफल भयो। |
| १११. | मितिः<br>२०७७/०९<br>/०३ | अर्थ समितिको आज मिति २०७७ पुस ३ गते बसेको बैठकमा कोभिड १९ ले अर्थतन्त्रमा पारेको प्रभाव, कोभिड १९ पछिको अर्थतन्त्र पुनरुत्थानमा निजी क्षेत्रको भूमिका, वर्तमान आर्थिक नीति कार्यान्वयनको अवस्था, यसमा नेपाल उद्योग वाणिज्य महासंघको धारणा, समाजवाद उन्मुख अर्थतन्त्रको आधार सिर्जना गर्न विभिन्नल पक्षहरुले निर्वाह गर्नुपर्ने भूमिका र महासंघको भावी कार्ययोजना सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीसँग छलफल भयो। साथै<br>समितिको सोही बैठकमा संघीय संसद सचिवालयको वार्षिक कार्यक्रम अन्तर्गत कार्यक्रम निर्धारण गरी अर्थ समितिलाई विनियोजित रकमबाट कार्यक्रम सञ्चारलन गर्ने निर्णय भयो। |
| ११२. | २०७७/१२<br>/०८ | अर्थ समितिको आज मिति २०७७ चैत ८ गतेको बैठकमा पूर्व-बजेट छलफलको तयारी सम्बन्धमा छलफल भइ देहाय बमोजिमको निर्णय भयो ।<br>१. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सदनमा पेश हुनु पूर्व नै अर्थ समितिले बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा देखिएका समस्याहरुका सम्बन्धमा नीतिगत सुधारमा असर पर्ने गरी काम गर्न निर्देशन/सुझावहरु नेपाल सरकारलाई दिनुपर्ने देखिएकोले सात वटै प्रदेशमा प्रि-बजेट छलफल कार्यक्रम सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| | | २. २०७७ साल चैत महिनाको तेस्रो हप्तादेखि प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र गण्डकी प्रदेशका २/२ स्थानमा पूर्व वजेट छलफल कार्यक्रम सञ्चालन गरी छलफल/अन्तरक्रियाबाट प्राप्त सुझावहरु सहितको प्रतिवेदन समितिमा पेश गर्न माननीय श्री सुरेन्द्र प्रसाद पाण्डेको संयोजकत्वमा १२ जना माननीय सदस्य रहने गरी उपसमिति गठन गर्ने।<br>३. २०७८ साल वैशाख महिनाको दोस्रो हप्तादेखि लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका २/२ स्थानमा पूर्व वजेट छलफल कार्यक्रम सञ्चालन गरी छलफल/अन्तरक्रियाबाट प्राप्त सुझावहरु सहितको प्रतिवेदन समितिमा पेश गर्न माननीय श्री ज्ञानेन्द्र बहादुर कार्कीको संयोजकत्वमा १२ जना माननीय सदस्य रहने गरी उपसमिति गठन गर्ने ।<br>४. माथि उल्लेखित कार्यक्रम सञ्चालन गर्न आवश्यक खर्च व्यवस्थापन गर्न समिति सचिवालयलाई निर्देशन दिने । |
| ११३. | २०७७/१२/०९ | अर्थ समितिको आज मिति २०७७ चैत्र ९ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव(राजश्व), बीमा समितिका कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा छलफल भयो। |
| ११४. | २०७७/१२/११ | अर्थ समितिको आज मिति २०७७ चैत्र ११ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव(राजश्व), बीमा समितिका कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा छलफल भयो। |
| ११५. | २०७७/१२/१२ | अर्थ समितिको आज मिति २०७७ चैत्र १२ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव(राजश्व), बीमा समितिका कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा छलफल भयो। |
| ११६. | २०७७/१२/३० | अर्थ समितिको आज मिति २०७७ चैत्र ३० गते बसेको वैठकमा आगामी आर्थिक वर्षको बजेटको कार्यदिशा, सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता, स्रोत व्यवस्थापन र कार्यान्वयन प्रभावकारी बनाउन गर्नुपर्ने प्रयास लगायतका विषयमा विज्ञहरुसँग छलफल |

| | | |
|---|---|---|
| | | भयो। |
| ११७. | २०७७/१२/३१ | अर्थ समितिको आज मिति २०७७ चैत्र ३१ गते बसेको वैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, अर्थ मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका सचिव, महालेखा नियन्त्रक लगायतका पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| ११८. | २०७८/०१/०२ | अर्थ समितिको आज मिति २०७८ वैशाख २ गते बसेको वैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री तथा सचिव लगायतका पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| ११९. | २०७८/०१/०२ | अर्थ समितिको आज मिति २०७८ वैशाख २ गते बसेको वैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा सहरी विकास मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२०. | २०७८/०१/०५ | अर्थ समितिको आज मिति २०७८ वैशाख ५ गते बसेको वैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२१. | २०७८/०१/०५ | अर्थ समितिको आज मिति २०७८ वैशाख ५ गते बसेको वैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा खानेपानी मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२२. | २०७८/०१/०६ | अर्थ समितिको आज मिति २०७८ वैशाख ६ गते बसेको वैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री, सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२३. | २०७८/०१/०६ | अर्थ समितिको आज मिति २०७८ वैशाख ६ गते बसेको वैठकमा चालु आ.व. को |

| | | |
|---|---|---|
| | | बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२४. | २०७८/०१/०७ | अर्थ समितिको आज मिति २०७८ वैशाख ७ गते बसेको बैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२५. | २०७८/०१/०८ | अर्थ समितिको आज मिति २०७८ वैशाख ८ गते बसेको बैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२६. | २०७८/०१/०८ | अर्थ समितिको आज मिति २०७८ वैशाख ८ गते बसेको बैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा वन तथा वातावरण मन्त्रालयका अधिकारीहरूसँग छलफल भयो। |
| १२७. | २०७८/०१/०९ | अर्थ समितिको आज मिति २०७८ वैशाख ९ गते बसेको बैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्याव मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। |
| १२८. | २०७८/०१/०९ | अर्थ समितिको आज मिति २०७८ वैशाख ९ गते बसेको बैठकमा चालु आ.व. को बजेट कार्यान्वयन अवस्था र आगामी आर्थिक वर्षको बजेटको तयारी सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि वातावरण मन्त्रालय सचिव लगायतका पदाधिकारीहरूसँग छलफल भयो। |